# "महाङ्काल गाउँपालिका शिक्षा ऐन, २०७९"

<u>प्रस्तावनाः</u> सर्वाङ्गिण मानवीय विकासका लागि महाङ्काल गाउँपालिकाले प्रदान गर्ने शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक, रोजगारमुलक, प्रविधिमैत्री एवम् जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिकवानका साथै राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ को अधिकार प्रयोग गरी गाउँपालिकाले यो ऐन जारी गरेको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "महाङ्काल गाउँपालिका शिक्षा ऐन, २०७९" रहेको छ।

२.यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"प्रारम्भिक बाल शिक्षा"** भन्नाले चार बर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षको प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ग)"**माध्यमिक शिक्षा**" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ)"**समावेशी शिक्षा**" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः-

(१) दृष्टिविहीन, न्युन दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाईनियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ङ)"**प्राविधिक तथा व्यावसायिक शिक्षा**" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुमा आधारित प्रविधि र ब्यवसायउन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ ।

(च)"**सामुदायिक विद्यालय**" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(छ)"**सस्थागत विद्यालय**" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ज)"**शिक्षक**" भन्नाले विद्यालयमा सिकाइ सहजिकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(झ)"**कर्मचारी**" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ञ)"**अनुमति**" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ट)"**स्वीकृति**" भन्नाले तोकिए शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ठ)"**आवासीय विद्यालय**" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ड)"**शैक्षिक गुठी**" भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ढ)"**स्थायी आवासीय अनुमति**" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकि वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलबन्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा(डि.भी) परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ण)"अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा १४ को प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बाज्यै र त्यस्ता अभिभावक नभएको हकमा त्यस्ता विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

<u>शिक्षाको प्रकार,स्वीकृति, विद्यालयको वर्गिकरण, अनुमती, समायोजन तथा नियमन</u>

<u>३.माध्यमिक शिक्षाको प्रकार</u>: माध्यमिक शिक्षाका प्रकार देहायका प्रकारका हुनेछन्;-

(क)साधारण माध्यमिक शिक्षा

(ख)संस्कृत माध्यमिक शिक्षा

(ग)प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

४.<u>शिक्षाको माध्यम</u>:(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

२. उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ:-

(क) आधारभूत तह (कक्षा-५) सम्ममा मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा अङ्ग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धी व्यवस्थाः गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा संचालनको व्यवस्था गर्न सक्नेछ ।

६.विद्यालयको वर्गीकरणः विद्यालयलाई देहाय बमोजिमको आधारमा वर्गीकरण गरिनेछः-

(क)सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

(घ) बौद्ध तथा गोन्पा विद्यालय

७. विद्यालय खोल्न अनुमति लिनु पर्नेः (१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिकामा अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचवुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी आधारभूत तहको हकमा शिक्षा शाखा प्रमुखको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा गाउँशिक्षा समितिको सिफारिसमा कार्यपालिको निर्णयानुसार गाउँपालिका अध्यक्षले अनुमति दिनेछ ।

३. उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसारगाउँपालिका अध्यक्षले स्वीकृति प्रदान गर्नेछ।

४. यो दफा प्रारम्भ हुँदाका बखत कम्पनिको रुपमा संचालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न गाउँपालिकामा निवेदन दिन सक्नेछ।

५. उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय संचालन गर्न आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा शिक्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले स्वीकृति दिनेछ ।

६. उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठिको रुपमा संचालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएको विद्यालय,
(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संचालन भएको विद्यालय,
(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई संचालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी संचालन गर्दा संचालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तिमा पाँच जना र निजी गुठी भए कम्तिमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका संचालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने।

तर, सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

८. कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखि विद्यालय संचालन गर्न चाहेमा आधारभूत तहका लागि कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा कार्यपालिकाको निर्णय अनुसार गाउँपालिका अध्यक्षबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछ ।

९. उपदफा (८) बमोजिम संचालित विद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(१०). माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन् गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन् । तर कानुनले तोकेका प्रकृया पूरा गरी माग भएमा स्वीकृत दिन बाधा पर्ने छैन्।

(११). विद्यालय संचालन तोकिए बमोजिम हुनेछ । संस्थागत विद्यालयको शुरु अनुमति, थप अनुमति तथा कक्षा थप अनुमतिको लागि तोकिए बमोजिमको दस्तुर तथा धरौटी लाग्नेछ ।

८. <u>प्रारम्भिक बाल शिक्षाको संचालन तथा व्यवस्थापन</u>: गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको संचालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

९. <u>सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्ने</u>: गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ ।यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय संचालन हुन सक्नेछ । ICT मा आधारित प्रविधि प्रयोग गर्न सकिनेछ ।

१०. <u>गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने</u>: (१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल संचालन भइरहेका रहेको कुनै विद्यालयलाई आवश्यकताका आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभि एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर एक शैक्षिक शत्रमा १ कक्षा मात्र थप गर्न अनुमति दिईनेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नु पर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विशेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा ५०,००,०००।-(पचास लाख रुपैया), आधारभूत तहको हकमा ३०,००,०००।-(तिस लाख) रुपैंया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

११. <u>गाउँ शिक्षा समितिः</u> (१) गाउँपालिका क्षेत्रभित्र संचालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले जनजाती, दलित, अल्पसंख्यक समुदाय मध्यबाट पर्ने गरी गाउँसभा सदस्य मध्येबाट एकजना महिला सहित दुईजना - सदस्य

(ग) कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य

(घ) गाउँपालिकाको प्रमुखप्रशासकीय अधिकृत - सदस्य

(ङ) आधारभूत तहको सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँ गाउँपालिका शिक्षा समितिले तोकेको एकजना - सदस्य

(च) माध्यमिक तहको सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिका शिक्षा समितिले तोकेको एकजना - सदस्य

(छ) गाउँपालिका स्तरीय अभिभावक संघ/शिक्षामा काम गर्ने गैरसरकारी संस्था/शिक्षा विद्/शिक्षा प्रेमी/निजि धार्मिक विद्यालयका तर्फबाट गाउँ कार्यपालिका प्रमुखले तोकेको प्रतिनिधी तीनजना – सदस्य

(ज) गाउँपालिकामा संचालित विद्यालयहरुका व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट गाउँ शिक्षा समितिले छानेको एकजना - सदस्य

(झ) गाउँपालिका स्तरमा रहेको शिक्षक महासंघको अध्यक्ष वा सो संघले तोकेको प्रतिनिधी एकजना -सदस्य

(ञ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।)

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाँउँ कार्यपालिकाले जुनसुकै वखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(३) शिक्षा समितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नु पर्नेछ ।

(४) शिक्षा समितिको बैठक भत्ता गाउँपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ तर एक आर्थिक वर्षमा बढीमा ६ पटक भन्दा वढी बैठकको भत्ता उपलब्ध गराइने छैन ।

(५) बैठक संचालनको लागि कम्तिमा ५० प्रतिशत भन्दा वढि सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(६) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो कार्यक्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख)गाउँपालिका क्षेत्रभित्र विद्यालय संचालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्वन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजि गर्ने,

(घ) आफ्नो क्षेत्र भित्र संचालन हुने परीक्षालाई मर्यादित र भय रहित वनाउन सहयोग गर्ने,

(ङ) विद्यालयको लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा संचालित सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ)विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ज)विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(झ)अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने, सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुपरिवेक्षणको प्रवन्ध गर्ने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(ढ) शैक्षिक गुठीसंग गर्ने सम्झताका शर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षा संग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने,

(त) विषय विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने,

(थ) संस्थागत विद्यालयको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि गाउँपाललिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने,

(ध) शिक्षकहरुको सरुवा आवश्यक प्रकृया पूरा गरी व्यवस्थापन गर्ने,

(न) सामुदायिक सिकाइ केन्द्र स्थापना र संचालन सम्बन्धी नीति तर्जुमा गर्ने,(

(न) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(प) विद्यालयमा विषयगत दरबन्दी मिलान गर्ने,

(फ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर वनाई लागु गर्ने, गराउने,

(ब) शिक्षक तालिम सम्बन्धी नीति तर्जुमा गरी लागु गर्ने,

(भ) गाउँकार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(म) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

१२. <u>शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार:</u>

(क) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँकार्यपालिकामा पेश गर्ने,

(ख)गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(घ) गाउँकार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ङ) शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनका लागि तोकिए बमोजिम गर्ने र सम्वन्धित माथिल्लो निकायमा पठाउने,

(च) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(छ)शिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. <u>वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकारः</u>

(१). वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्ने सकिने छः-

(क) सम्वन्धित वडाका वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले तोकेको एक जना महिला -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा समितिले तोकेको सम्भव भएसम्म एक जना महिला सहित दुई जना - सदस्य

(ङ) वडा भित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना महिला - सदस्य

(च) सम्वन्धित वडाका वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख)आफ्नो क्षेत्र भित्र संचालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुप र सजग बनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने, गराउने,

(छ)विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने कामका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

१४. <u>विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार</u>:

(१) सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) गाउँपालिकाको परामर्शमा विद्यालय रहेको वडा समितिले तोकेको वडा अध्यक्ष/वडा सदस्य वा विद्यालयको विकासमा योगदान गर्न सक्ने विद्यालय क्षेत्र भित्रका शिक्षा सेवी वा अभिभावक मध्येबाट वडा समितिले तोकेको व्यक्ति - अध्यक्ष

(ख)अभिभावकले आफूहरुमध्येबाट छानि पठाएका दुई महिला सहित चार जना - सदस्य

(ग)विद्यालयका संस्थापन, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एक जना महिला सहित दुईजना – सदस्य

(घ)विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ)विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२)विद्यालय हेर्न तोकिएको शिक्षा अधिकृत र शिक्षक अभिभावक संघको अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) एक व्यक्ति एक भन्दा बढी विद्यालयको व्यवस्थापन समितिको सदस्य वा अध्यक्ष हुन सक्ने छैन ।

(४) विद्यालय व्यवस्थापन समितिको कार्यअवधि ३ वर्षको हुनेछ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थाप समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) विद्यालय संचालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख)विद्यालयको चल, अचल सम्पतिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शिक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक वजेट स्वीकृति गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ)प्रचलित कानुन वमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(ज) गाउँपालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) गाउँ शिक्षा समितिवाट तोकिएका रजिष्टर्ड लेखापरीक्षकवाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) गाउँ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ढ) विद्यालय शिक्षा एकै समयमा संचालन गर्ने प्रवन्ध मिलाउने र कक्षा ११ र १२ को कक्षा अनुकुलता अनुसार हुने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(६) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१५. <u>विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:</u> (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१६. <u>शिक्षक-अभिभावक सघ सम्बन्धी व्यवस्था:</u> (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक - अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि २ वर्षको हुनेछ।

<u>शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा,तालिम तथा वृत्ति विकास</u>

१७. <u>शिक्षकको नियुक्तिः</u> (१) प्रत्येक सामुदायिक विद्यालयमा रित्त दरबन्दी तथा राहत शिक्षक/कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछः-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) शिक्षा अधिकृत - सदस्य

(ग) गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ २ जना - सदस्य

(घ) सम्वन्धीत विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय गाउँ शिक्षा समितिको कार्यालयमा रहनेछ ।

(३) शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्वन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारि गरेको भए त्यस्तो मापदण्ड वा कार्यविधि पालना गर्नु पर्नेछ।

(४) शिक्षक तथा कर्मचारी छनौट समितिको वैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) विज्ञहरुको (cluster) सूची विज्ञताको आधारमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१८. <u>करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था:</u> (१) स्वीकृति दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यव्थापन समितिले प्रमुख प्रशासकीय अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ।

(२) उपदफा(१) माग गरेको सूची प्राप्त भए पछि सूचिमा रहेका उम्मेदवार मध्ये व्यवस्थापन समितिले बढिमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा(१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा(२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखाबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपदफा (३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तिमा १५ दिनको सार्बजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, गाउँ कार्यपालिका र सम्वन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ ।

(६) उपदफा(३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(७) विद्यालयले यस ऐन बमोजिम करारमा शिक्षक नियुक्ति गरेको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ।

(८)उपदफा(२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पदपुर्ति नभएमा व्यवस्थापन समितिले एक पटकको लागि मात्र अधिकतम एक वर्षका लागि करारको म्याद थप गर्न सक्नेछ ।

(९) उपदफा(८) बमोजिम करार गरिएको जानकारी विद्यालयले शिक्षा शाखालाई दिनु पर्नेछ।

(१०) यस ऐन बमोजिम प्रक्रिया नपुर्याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

१९. <u>सरुवा सम्बन्धी व्यवस्था</u>:

(१) गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र गाउँ शिक्षा समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(२)स्थायी शिक्षक तथा स्थायी कर्मचारीको मात्र सरुवा गरिनेछ ।

(३) शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ ।

(४) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा एक वर्ष सेवा पूरा नगरी सरुवा गरिने छैन ।

तर, कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछः-

(क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनि सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा अधिकृतको सिफारिस भएमा,

(ख)एउटा विद्यालयमा आवश्यक्ता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) उपदफा(५) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यन्त्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ)कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति वा पत्नि दुवै शिक्षक रहेको अवस्थामा भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा।

(झ)शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२०. <u>अन्तर स्थानीय तह शिक्षक सरुवा सम्बन्धी व्यवस्थाः</u> सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिकाभित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाले अर्को गाउँपालिका वा नगरपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ।

२१. <u>शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः</u>

(१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको ऐन, कानुन अनुसार हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा शर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. <u>शिक्षक तालिम तथा विकास सम्बन्धी व्यवस्था:</u> (१) शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२३. <u>शैक्षिक योग्यता:</u> विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ताको शैक्षिक योग्यतातोकिए बमोजिम हुनेछ ।

२४. <u>शिक्षकको सेवा शर्त, सुविधा,योग्यता र सक्षमता:</u> (१)शिक्षकको सेवा शर्त, सुविधा,योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

२५.<u>अध्यापन अनुमति पत्र लिनु पर्ने:</u> आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन ।

२६. <u>देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाईनेछ:</u>

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख)बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

२७. <u>प्रधानाध्यापक सम्बन्धी व्यवस्था:</u> (१) विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमाएकजना प्रधानाध्यापक रहनेछ।

(२)प्रधानाध्यापको छनौट, नियुक्ति, सेवाको सर्त, सुविधार काम कर्तव्य तथा अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) प्रधानाध्यापकको भत्ता तोकिए बमोजिम हुनेछ।

<u>सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन</u>

२८. <u>विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:</u>

(१)विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेलमैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, बातावरण मैत्री हाता, करेशाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचलाय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ।

(२)विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परिक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३)विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२९.<u>विद्यालयको सम्पत्ति:</u>

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२)शैक्षिक गुठी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३)कम्पनी अन्तर्गत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४)संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५)नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति विना वेचविखन गर्न पाइने छैन ।

३० सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन:

(१)सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले तोकिय वमोजिम भोग चलन गर्न सक्नेछ ।

(२)विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ ।

(३)सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछ ।

३१.विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:

(१)विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाई उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ ।

(२)आफ्ना क्षेत्रभित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरूको संख्या सम्वन्धित विद्यालयले तोकिएको समय सीमाभित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३)गाउँ शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु अगावै सम्वन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारीत बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछ ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारीत पाठ्यक्रम सामाग्री, थप स्वाध्यायन सामाग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

३२. अतिरिक्त शैक्षिक क्रियाकलापको संचालनः

(१) विद्यालयले पाठ्यक्रममा आधारीत सिकाईमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गर्न सक्नेछ ।

(२) विद्यालयले बाल क्लव तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामूखी क्रियाकलापहरु संचालन गर्न सक्नेछ ।

## संस्थागत (निजी) विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

३३. संस्थागत विद्यालय संचालन गर्न अनुमति र स्वीकृती लिनु पर्नेछ ।

३४. संस्थागत विद्यालयको व्यवस्थापन समितिः

(१) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाले मनोनित गरेको व्यक्ति -अध्यक्ष

ख) अभिभावकहरूमध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

घ) शिक्षा शाखा प्रमुखले तोकेको कर्मचारी -सदस्य

ङ) सम्वन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एक जना -सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२)उपदफा (१) को (क),(ख) र ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३५. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) विद्यालय संचालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्याख्या गर्ने,

ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

ङ) विद्यालयले नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई अनिवार्य रुपमा लागु गर्ने,

च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलव, सेवा सुविधा श्रम ऐनलाई आधार मानी तोक्ने,

ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने,

ञ) शैक्षिक गुठी अन्तर्गत संचालन भएका विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुने,

ट) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३६. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने:

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

३७. अनुगमन तथा मूल्याङ्कन:

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

३८. अनुमति वा स्वीकृति रद्द गर्ने:

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा

स्वीकृति रद्द गर्न सक्नेछ । तर अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्वन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

३९. आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको संचालन सम्बन्धी व्यवस्था:

(१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिनेछ:-

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) आधारभूत तथा माध्यमिक तहको प्रधानाध्यापकहरू मध्येबाट गाउँ शिक्षा समितिका अध्यक्षले तोकेका तीन जना व्यक्ति -सदस्य

ग) शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

४०. आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको संचालन सम्बन्धी दायित्व गाउँपालिकाको हुनेछ ।

४१. (१) कक्षा १० र १२ को बार्षिक परीक्षा बोर्डले तोके बमोजिम हुनेछ ।

विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

४२. विद्यालय कोष:

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दखिला हुनेछ:-

क) नेपाल सरकार, प्रादेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन र लेखापरिक्षण तथा सार्वजनिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

४३. अनुदानको व्यवस्था:

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकम तोकिए बमोजिम कटौती गर्न सक्नेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

४४. लेखा व्यवस्थापन:

(१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न छुट्टै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

४५. सामुदायिक विद्यालयको खाता संचालन:

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ र आधारभूत विद्यालयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

४६. लेखा परीक्षण तथा सामाजिक परीक्षण:

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको पन्ध्र दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सार्वजनिक परिक्षण गरी विद्यालयको आय व्याय, शैक्षिक उपलव्धी, विद्यालयको आन्तरीक गतिविधि, पारदर्शीता तथा जवाफदेहीताको अवस्था र आगामी कार्य योजना सार्वजनिक परिक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनु पर्नेछ ।

४७. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः गाउँपालिकाले विद्यालय तथा उच्च शिक्षा अध्यानकालागि विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

४८. शुल्क सम्बन्धी व्यवस्थाः

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा वाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख देखि तीन लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

४९. विद्यालयलाई छुट र सुविधाः

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## प्राविधिक तथा व्यवसायिक शिक्षा

५०. गाउँपालिका क्षेत्रमा संचालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथै सी.टी.ई.भी.टी. कार्यक्रम निर्धारीत विषय अध्यापन गराउन सकिनेछ। यस्ता विद्यालयको संचालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

५१. खुल्ला तथा विशेष शिक्षाः गाउँपालिका भित्र खुल्ला तथा विशेष शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने, केन्द्रको निर्देशनको आधारमा हुनेछ ।

५२. विद्यालयको विधानः

(१) यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, संचालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागु गर्नु पर्नेछ ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय संचालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

५३. गाउँपालिकाले निर्देशन दिन सक्नेः

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धित आवश्यक निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

५४. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्नेः

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ । राजनीतिक गतिविधि गर्न नपाइने ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

५५. बालबालिकालाई निष्काशन गर्न, शारिरीक वा मनासिक दुर्व्यवहार गर्न नहुनेः

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरीक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

५६.**शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स संचालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) शिक्षा क्षेत्रसँग आवद्ध क्रियाशिल संस्थाहरुसँगको सहकार्यमा गाउँपालिकाले विविध शैक्षिक तथा अतिरिक्त क्रियाकलाप संचालन गर्न सकिनेछ ।

५७.**प्रगति विवरण बुझाउनु पर्नेः-** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

५८.**शिक्षा विकास कोषः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्नेछ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः-

क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

५९.**दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिमको जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछः-

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणलाई अमर्यादीत कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यदा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा संचालन गरेमा,

झ) कानुन विपरीतको अन्य कार्य गरेमा ।

(३) कानुन बमोजिमको कसूरको सम्बन्धमा विद्यलायको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागिय सजाय गरिनेछ ।

६०. <u>स्थानीय शिक्षक महासंघ सम्बन्धी व्यवस्थाः</u> (१) महाङ्गाल गाउँपालिका भित्रका शिक्षकहरु सदस्य रहने गरी शिक्षक महासंघ गठन गर्न सकिनेछ ।

(२) स्थानीय शिक्षक महासंघको निर्वाचन तोकिए बमोजिम हुनेछ।

६१. <u>पुनरावेदनः-</u> तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

६२. <u>नियम बनाउने अधिकारः</u>

(१) यस ऐनको उद्देश्य कार्यान्वय गर्न गाउँकार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्रयविधि र मापदण्ड बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

६३. संक्रमणकालीन व्यवस्थाः

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको कामका सम्बन्धमा नियमावली जारी नहुन्जेलसम्म गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ ।

६४. बाधा अड्काउ फुकाउने अधिकारः- यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा-अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले छ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

६५. बचाउ र लागु नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टचार निवारण ऐन,२०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्नेछैन ।

(३) संघीय शिक्षा ऐनसंग यस ऐंनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारबाही गर्न बाधा पर्ने छैन ।

आज्ञाले

धिराज मरासेनी

प्रमुख प्रशासकीय अधिकृत